# बगनासकाली गाँउपालिकाको आर्थिक वर्ष २०७७/०७८ को नीति, कार्यक्रम तथा बजेट बक्तव्य

- सभाध्यक्ष ज्यू,
- सभाका सम्पुर्ण सदस्य ज्यूहरू,

सर्वप्रथम, बगनासकाली गाउँपालिकाको गरिमामय **सातौं गाउँसभा** शुभारम्भ तथा आ.व. २०७७/७८ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुतीकरण सभामा पाल्नुहुने सभाका सम्पुर्ण सदस्य ज्यूहरूमा हार्दिक स्वागत गर्न चाहन्छु । यो गरिमामय **सातौं गाउँ** सभाको अवसरमा मुलकमा संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका निम्ति आफ्नो जीवनको आहुति दिनुहुने सम्पूर्ण आदरणीय ज्ञात-अज्ञात वीर सहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु । साथै आन्दोलनको क्रममा घाईते, अपाङ्ग, बेपत्ता नागरिकहरूलाई हृदयदेखि नै स्मरण गर्न चाहन्छु ।

**कोभिड - १९** नामको कोराना भाइरसबाट विश्वव्यापी महामारीका कारण उत्पन्न असहज परिस्थिती बीच आ.ब. २०७७/७८ को नीति, कार्यक्रम तथा बजेट यस गरिमामय सभा समक्ष प्रस्तुत गरिरहंदा जनताको जीवन रक्षा र मुलुकको आर्थिक सामाजिक जीवनको सुरक्षाको प्रश्नले अत्यन्त गंभीर तुल्याएको छ । **कोभिड- १९** संक्रमणको व्यापकताले सिर्जना हुन सक्ने परिस्थितिको आँकलन गरी हाल बगनासकाली गाउँपालिकाले विभिन्न विद्यालयहरूमा निर्माण तथा संचालन गरिरहेको क्वारेन्टाईन व्यवस्थापन, आईशोलेसन कक्ष व्यवस्थापन, राहत वितरण, सचेतना कार्यक्रम, सुचना तथा तथ्याङ्क तथा संप्रेक्षण जस्ता कार्यहरूका लागि विद्यमान अवस्था विलेषणका आधारमा आवश्यकता पहिचान गरी आगामी आ.ब. नीति कार्यक्रम तथा बजेटमा प्राथमिकताका साथ समावेश गर्न अत्यावश्यक छ । स्थानीय सरकार र जनता मिलेर हरेक प्रकारका चुनौती र संकटबाट पार पाउन सकिन्छ भन्ने अनुभुत भैरहको छ । यो महत्वपुर्ण परिदृश्यलाई आत्मसाथ गर्दै आगामी वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम तय गर्ने प्रयास गरिएको छ ।

मुलुक एकात्मक र केन्द्रिकृत शासन व्यवस्थाबाट संघीय लोकतान्त्रिक, गणतन्त्रात्मक शासन व्यवस्थामा रूपान्तरण भएको केही वर्ष बिति सकेको छ । संघीय संरचनामा हामी जनप्रतिनिधीहरू स्थानीय तहको लोकतान्त्रिक अभ्यास गरीरहेका छौं । अहिले मुलुकका राजनीतिक एजेण्डाको टुङ्गो लागि आर्थिक र सामाजिक रूपान्तरण मार्फत समृद्धिको एजेण्डाले प्राथमिकता पाएको छ । नागरिकहरूको आर्थिक, सामाजिक स्थितिमा सुधार ल्याउन नागरिकका माग र आवश्यकताका सेवाहरू घरदैलोमा प्रवाह गर्नु पर्ने अवस्था सिर्जना भएको छ । जनताका विविध ईच्छा, आकांक्षा, चाहानाहरू प्रवल भई नयाँ नयाँ विचार सोचहरू सार्वजनिक हुन थालेको छन् । आम नागरिकहरूमा शान्ति, सुशासन, विकास र समृद्धिको भोक जागेको छ । प्रगतिका लागि नयाँ अध्याय, नयाँ आयाम प्रारम्भ हुने चरणहरू शुरू भैरहेका छन् सबै क्षेत्रका नागरिकहरूमा आफ्नो गाउँ, बस्ति टोल र समुदायमा विकासका प्रतिफल पुऱ्याउनु स्थानीय सरकारको दायित्व रहेको छ । भोक र रोगले तड्पिएर चाहानाले भौतारिएर सुन्दर र समुन्त समाज निर्माण हुन सक्दैन । जनताको आवश्यकता र चाहानालाई सम्बोधन गर्नका लागि हाम्रा विकासका एजेण्डा र मार्गदर्शनहरू सु-स्पष्ट हुनु जरूरी छ ।

**कोभिड - १९** का कारण विश्वभर संकट पैदा भईरहंदा हाम्रो बगनासकाली गाउँपालिका पनि यसबाट अछुतो रहन सकेको छैन । हाल छिमेकी मुलुक भारत लगायत विदेशमा रोजगारीका लागी गएका हजारौं दाजुभाई, दिदी-बिहिनीहरू स्वदेशमा फर्किने क्रम जारी छ । विदेशबाट फर्किएका सयौं व्यक्तिहरूलाई विद्यालयमा निर्माण गरिएका क्वारेन्टाईनहरूमा राखी व्यवस्थापन गरिएको छ । आजका मितिसम्म २८ जना कोरोना भाइरसबाट संक्रमितहरूलाई आईशोलेसनमा राखेर उपचार भईरहेको छ । आगामी दिनमा पनि संक्रमितको संख्या बढ्दै जाने सम्भावना प्रबल छ । देशव्यापी रूपमा भएको लकडाउनले सार्वजनिक सेवा प्रवाह, विकास निर्माणका कार्यहरू नियमित रूपमा संञ्चालन अबरूद्ध हुन पुगेको छ । **कोभिड -१९** बाट उत्पन्न त्रासका कारण आम मानिसहरू आफ्ना दैनिक कामहरू नियमित रूपमा अगाडि बढाउनु नसकेको अवस्थामा छन् । यसबाट आगामी दिनमा थप चुनौती उत्पन्न हुने सुनिश्चित छ । यसको सामनाका लागि अहिले देखि नै मानसिक, भौतिक र आर्थिक रूपमा तयार हुनुपर्ने भएको छ । विकास निर्माण भन्दापनि महत्वपुर्ण मानिसको जीवन हुँदो रहेछ । जीउ, ज्यान बचाएर मात्र बिकास र निर्माण अन्य कामहरू गर्नुपर्ने रहेछ । यो तथ्य र यथार्थलाई मनन गर्दै बगनासकाली गाउँपालिकाका आम जनतालाई **कोभिड - १९** को संक्रमणबाट बचाउन, संक्रमितहरूलाई उपचार गर्ने दायित्व र जिम्मेवारी पनि हाम्रो काँधमा आईपरेको छ । यस संवेदनशील घडिमा महामारीको रोकथाम र नियन्त्रणका लागि हामीमा अझ अनुशासित, धैर्य तथा आत्मविश्वासको आवश्यकता रहेको छ । **'जीवन रहे जीवन सुधार्न र सिंगार्न सकिन्छ'** भन्ने मान्यतालाई आत्मसाथ गर्दै यस महामारीका विरूद्धको अभियानमा धैर्यतापुर्वक जुटन आवाह्नन गर्दछु ।

**'सुन्दर, शान्त, समृद्ध, सभ्य, बगनासकाली गाँउको सार, आर्थिक, सामाजिक, पर्यटन र पूर्वाधार विकासको दिगो आधार'** भन्ने प्रमुख नीति एवं मूलमन्त्र सहित शुभारम्भ भएको हाम्रो यात्रा दिगो विकास, सु-शासन र जनसेवाका लागि शुभारम्भ गरिएको पनि करिब ३ वर्ष व्यथित हुन लागि सकेको छ । यस अवधिमा सुचाङ्कमा देखिने गरि नै विकास गर्न नसकिएता पनि हामी समृद्धिको दिशा तर्फ उन्मूख हुन जग बसाल्ने प्रयास गरिरहेका छौं । हजारौं माईलको यात्रा पहिलो पाईलाबाट शुरू हुन्छ । हामीले उज्यालो बगनासकाली अभियान, फुसरहित घर अभियान, बगनासकाली आवाज पत्रिका प्रकाशन, ऐन कानुन निर्माण, न्यायिक समिति गठन र सबलीकरण, वालमैत्री स्थानिय शासन अभियान, कृषि बिकासका लागि व्यवसायिकरण, आधुनिकिकरण र यान्त्रिकरणको शुरूवात, व्यवसायिक पशुपालन, जनताको स्वास्थ्यमा विशेष चासो, स्थानीय पाठयक्रम निर्माण, शैक्षिक योजना निर्माण गर्दै, पशुपंक्षी विकास एवं शैक्षिक गुणस्तर

अभिवृद्धिका लागि गरिएका प्रयासहरू निरन्तर रूपमा जारी छन् । विषम परिस्थिती भएपनि यस बगनासकाली गाउँपालिकाको आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वित भएको छु ।

हाम्रो गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक विविधता एवं भौगोलिक अवस्थाका आधारमा हाम्रा विकासका पूर्वाधारहरू तय गर्दै जानु पर्ने अवस्था रहेको छ । स्थानीय तहमा क्रियाशील राजनैतिक दलहरू, स्थानीय समुदाय र गाउँपालिकाको संयुक्त प्रयासमा स्थानीय श्रोत, साधन र क्षमतालाई महत्तम परिचालन गरि सामाजिक, आर्थिक क्षेत्रमा परिवर्तन ल्याउन पूर्वाधार विकास एवं क्षमता विकासका कार्यक्रमहरू मार्फत विकासलाई अगाडि बढाउन उपयुक्त देख्दछु । गाउँपालिका भित्रका आर्थिक सामाजिक अवस्था कमजोर भएका आम जनताको भावनालाई समेटेर हामी जनसमूदायमा सन्तुलित विकासका लागि श्रोत परिचालन गर्नु पर्ने हाम्रा सामु चुनौती रहेको छ । सिमित श्रोत साधन, न्यून आन्तरिक श्रोत, आम जनतालाई दैनिक सेवा प्रवाह गर्नुपर्ने, हाम्रा कार्यालय भवन अस्थायी रहेको, वडा कार्यालय भवनहरू जीर्ण एवं अपुरा रहेका, प्राय गाउँपालिकाका सबै भेगमा सहज आवागमनका लागि बाह्रै महिना चल्ने सडक नभएको अवस्था हामी सामु छलङ्गै छ । उल्लेखित समस्या, चुनौतीहरूको सामना गर्न सबै गाउँवासीको सहयोग, सहभागिता, सहमति र समझदारीबाट मात्र सम्भव रहन्छ ।

**सभाका सदस्य ज्यूहरू,**

यस गाउँपालिकामा सडक, खानेपानी, विद्युत, शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवा सुविधाको गुणस्तरमा वृद्धि गर्दै गाउँको छुट्टै पहिचान कायम गर्न ढिलो गर्न नहुने तर्फ सम्पूर्ण जनसमूदायहरू चनाखो हुनु पर्ने देखिन्छ । यस बगनासकाली गाउँपालिका क्षेत्रका महत्वपूर्ण योजनाहरूलाई यहाँका क्रियाशिल राजनैतिक दल, सामाजिक संघ संस्था, समाजसेवी, उद्योगी, ब्यवसायी, संचारकर्मी एवं आम जनताहरूको सहयोग र सहभागितामा अघि वढाउदै दिगो विकासलाई ब्यवस्थित र स्थापित गराउन प्रयत्नशील रहेका छौं ।

स्थानिय सरकार संचालन ऐन, २०७४, बगनासकाली गाँउकार्यपालिकाबाट पारित गाउँ सभा संचालन कार्यविधि , २०७४ लगायत यसमा आवश्यक पर्ने अन्य ऐन, नियमहरूलाई आधार मानी सोही अनुसार कार्यान्वयनका लागि नीति तथा कार्यक्रम यस सभा समक्ष पेश गरेकी छु । यस नीति तथा कार्यक्रमहरू तयारीको क्रममा विभिन्न वडा समितिहरू, बिषयगत समितिहरू,विषयगत शाखाहरू, विभिन्न सामाजिक संघ संस्थाहरूको सुझाब सल्लाह र योजना तर्जुमा समितिको अगुवाई एंवम कर्मचारी साथीहरूको सक्रिय सहभागितामा नीति, कार्यक्रम तथा बजेट तयार गरी यस सभामा पेश गरेकी छु ।

बगनासकाली गाउँपालिका र तानसेन नगरपालिका बिचमा अन्तर संम्बन्धित सरोकारका विषयमा छलफल र अन्तरक्रियालाई निरन्तरता दिइनेछ । दुवै स्थानिय तहको साझा/अन्तर सम्बन्धित सरोकारका विषयमा दुवै स्थानिय तहबाट सहकार्यमा योजना तथा कार्यक्रमहरू तयगरी साझेदारी विकासको अवधारणालाई अवलम्बन गर्न आवश्यक पहल गरिनेछ ।

आजको नीति तथा कार्यक्रम प्रस्तुतिकरण सभामा प्रस्तुत गरेका नीति तथा कार्यक्रमहरू सिंगो गाउँपालिकालाई समृद्धीको बाटोमा डोऱ्याउने आधारशिला बन्ने सक्ने संम्भावना छन । नीति, कार्यक्रम तथा बजेट बनाउने क्रममा यहाँहरूले दिनुभएको राय सुझाव तथा अब प्राप्त हुने राय सुझावहरूलाई समेत आवश्यकता र औचित्यका आधारमा परिमार्जित गरी थपघट एवं संशोधन गरी गरिमामय गाँउसभाबाट पारित हुने आशा एंवम विश्वास लिईएको छु ।

***आदरणिय उपस्थित* सभाका सदस्य ज्यूहरू,**

आर्थिक वर्ष २०७७/०७८ को प्रस्तावित उद्देश्य, नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा निम्न बिषयलाई मार्गदर्शनको रूपमा लिइएको छ ।

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- संघीय तथा प्रदेश सरकारका नीति,कार्यक्रम तथा बजेट सिलिङ्ग,
- दिगो विकास लक्ष्य,
- चालु पंञ्चवर्षिय योजनाले निर्दिष्ट गरेका लक्ष्य,उद्देश्य र रणनीतिहरू,
- आर्थिक वर्ष ०७७/०७८ को लागि संघिय सरकारद्धारा प्रस्तुतत बजेट बक्तव्य
- आर्थिक वर्ष ०७७/०७८ को लागि प्रदेश सरकारद्धारा प्रस्तुतत बजेट बक्तव्य
- स्थानीय तहको नीति, कार्यक्रम तथा बजेट निर्माण र सार्वजनिक सम्पत्ति हस्तान्तरण कार्यविधि, २०७४
- बगनासकाली गाउँ कार्यपालिकाबाट पारित कार्यविभाजन नियमावली, २०७४
- बगनासकाली गाउँ कार्यपालिकाबाट पारित कार्यसम्पादन नियमावली, २०७४

- गाउँपालिकामा रहेका विषयगत समितिका सुझावहरू, बिभिन्न संजालका सुझावहरू, सरोकारवाला निकायहरू आदि

**सभाध्यक्ष महोदय,**

**अब, म गाउँपालिकाको दीर्घकालीन एंव बार्षिक क्षेत्रगत नीति प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**(१) प्रमुख नीति** : गाउँको दिगो विकासका लागि **''सुन्दर शान्त, समृद्ध, सभ्य बगनासकाली गाउँको सार आर्थिक, सामाजिक, पर्यटन र पूर्वाधार विकासको दीगो आधार ''**

**(२) दीर्घकालीन नीति :**

- दीर्घकालीन विकासको लागि आवधिक त्रिवर्षिय योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,
- गाउँको भू-उपयोग नीति तर्जुमा गरि कृषि गाउँको समुन्नत गाउंको रूपमा विकास गर्ने,
- पर्यटन विकासको समुचित विस्तार र प्रवर्द्धन गर्ने,
- गाउँ क्षेत्रभित्रका सम्भावित करका क्षेत्रहरूको पहिचान गरी दायरा फराकिलो बनाउने,
- सार्वजनिक सम्पत्तिको पहिचान गरी संरक्षण र सम्वर्द्धन गर्ने ।
- सार्वजनिक, निजी, साझेदारी नीति कार्यान्वयन गर्न जोड दिने,
- शिक्षा, स्वास्थ्य, भाषा, साहित्य, कला, संस्कृति र खेलकुदको विकास गर्ने,
- सूचना प्रविधिको विकास र विस्तार गरी सेवा प्रवाहलाई छरितो तुल्याउने,
- सरसफाई र वातावरण संरक्षणमा अग्रणी नमुना गाउँपालिकाको रूपमा रूपान्तरण गर्ने,
- बालमैत्री गाउँपालिका घोषणा गरी निरन्तरता दिईने,

**(३) उद्देश्य :**

- विकासका पूर्वाधारहरूको पहुँच बिस्तार गरी बस्तीस्तरसम्म विकासका अवसरहरूको पर्याप्त उपयोग गर्ने अवस्थाको सुनिश्चितता गर्ने,
- सन्तुलित, समावेशी र समन्यायिक विकासको अवधारणा मार्फत विभिन्न वर्ग, क्षेत्र, लिङ्ग, समुदाय र जातजातीको श्रोत साधनमा पहुँच अभिवृद्धि गर्ने,
- उत्पादनमूलक क्षेत्रमा ब्यवसायिकता र उद्यमशीलताको विकास एवं सामाजिक परिचालन मार्फत गरिवी न्यूनीकरण गर्ने,
- विकासको दृष्टिले पछाडि परेका वडाहरूमा प्राथमिकताका आधारमा विकास कार्यक्रमहरू पुऱ्याई जनताको सामाजिक आर्थिक रूपान्तरण गर्ने,
- स्वच्छ सुरक्षित खानेपानी, सरसफाई र स्वास्थ्य सम्बन्धी चेतनाको अभिबृद्धि गरी दीर्घकालीन लक्ष्य प्राप्तिमा टेवा पुऱ्याउने,
- विकास कार्यक्रम तथा आयोजनाहरू सञ्चालन गर्दा सरोकारवालाहरू वीच समन्वय कायम गर्दै जनसहभागिता, पारदर्शिता र उत्तरदायित्व वढाई सु-शासनको प्रत्याभूति दिने,
- वातावरणमैत्री नीति योजना र कार्यक्रम तय गरी कार्यान्वयन गर्ने,
- कृषि एवं पशुपालनलाई ब्यवसायिकरण गरी आय आर्जन वृद्धि गर्ने,
- समृद्ध, समुन्नत र श्रोत सम्पन्न आधुनिक गाउँपालिकाको रूपमा विकास गर्ने,

**(४) क्षेत्रगत नीति :**

गाउँपालिकाले आर्थिक वर्ष २०७७/०७८ मा देहाय बमोजिमको क्षेत्रगत नीतिहरू अवलम्वन गरिनेछ:-

## कोभिड -१९ कोरोना भाइरस महामारी रोकथाम तथा संकट व्यवस्थापन नीति

- १) कोभिड -१९ कोरोना भाइरस जोखिममा रहेका विदेशबाट फर्किएका नागरिकहरूलाई नेपाल सरकारले तोकीए बमोजिम क्वारेन्टाईनमा राख्ने व्यवस्था मिलाउन आवश्यक बजेट व्यवस्थापन गरिनेछ,
- कोभिड - १९ भाइरसबाट संक्रमित व्यक्तिहरूलाई आइशोलेसनमा राखी समुचित उपचारको व्यवस्थापन गरिनेछ, यस्को व्यवस्था गर्दा आवश्यक अनुसार छिमेकी स्थानीय तहहरूसंग समन्वय र सहकार्य गरिनेछ,
- कोभिड -१९ को रोकथाम तथा नियन्त्रणको लागि अर्ग्रपंक्तिमा स्वास्थकर्मी तथा जनशक्तिलाई आवश्यक स्वास्थ्य सुरक्षाका समाग्रीहरू ( मास्क, पंजा, सेनिटाईजर, पिपिई) हरूको अभाव नहुने गरी बजेट व्यवस्था गरिनेछ,

- बगनासकाली गाउँपालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरूको कोभिड - १९ कोरोना भाइरस बिमा कार्यक्रमलाई आगामी बर्षमा पनि निरन्तरता दिईनेछ,
- कोभिड - १९ महामारीबाट प्रभावित, अति विपन्न, श्रमिक तथा मजुदरहरूलाई रोजगारी उपलब्ध गराउन श्रममुलक प्रबिधिको प्रयोग गरी कार्यान्वयन गरिने आयोजनाहरू छनौटमा प्राथमिकता दिइनेछ,

**क. आर्थिक बिकास नीति :**

- कृषिको व्यवसायिकरण, आधुनिकीकरण र यान्त्रिकरण गरी आर्थिक विकासको मेरूदण्डको रूपमा विकास गरिनेछ,
- कृषि उपज संकलन र ढुवानी तथा बजारिकरणमा कृषकलाई सहयोग गरिनेछ,
- कृषि उपज तथा कृषि जन्य उत्पादनमा आत्म निर्भरताका लागि उद्यमशिलताको प्रर्वद्धन गर्न मल, बीउ, कीटनाशक औषधिको उपलब्धता तर्फ ध्यान दिईनेछ,
- **व्यवसायिक पकेट क्षेत्र** , युवा स्वरोजगार, कृषि बिमा, गोठ सुधार, नश्ल सुधार जस्ता कार्यक्रमहरूलाई विशेष महत्व दिने नीति अवलम्बन गरिनेछ,
- **पशु पालन** व्यवसायलाई प्रोत्साहन गरी व्यवसायिकतातर्फ उन्मुख गरिनेछ,
- बगनासकाली गाउँपालिकालाई मासु, दुध र तरकारीमा आत्म निर्भर बनाउन जोड दिईनेछ,
- यस गाउँपालिका भित्र रहेका वित्तीय संघ संस्थाहरूसँग असल समन्वय गरिनेछ,
- साना, मझौला तथा ठूला उद्योग स्थापना, संचालन एवं प्रवर्द्धन गरिनेछ,
- बगनास देवीस्थान, दर्लममहाकाली, राम नदि धाम, बौद्ध विहार, शिवासन मन्दिर जस्ता धार्मिक तथा पर्यटकीय स्थानहरूलाई ग्रामीण पर्यटनको रूपमा संरक्षण, विकास एवं प्रवर्द्धन गरिनेछ,
- अर्थतन्त्रको एक खम्बाको रूपमा रहेको सहकारीको सञ्जाल फराकिलो र बलियो बनाई आम जनताको आर्थिक - सामाजिक जीवनस्तर उठाउन प्रत्यन्त गरिनेछ,

**ख. सामाजिक विकास नीति :**

- विद्यालयहरूको भौतिक पुर्वाधार निर्माणमा सहयोग गरी शैक्षिक गुणस्तर सुधार कार्यक्रममा जोड दिइनेछ,
- गाउँपालिका स्तरीय शिक्षा समितिलाई सक्रिय र प्रभावकारी बनाई शिक्षा सम्बन्धी कार्यक्रमहरूको समन्वय गरिनेछ,
- महिला, बालवालिका, आदिवासी/ जनजाती, दलित, अपाङ्ग, जेष्ठनागरिक, सिमान्तकृत वर्ग लगायत आर्थिक सामाजिक दृष्टिकोणले पछाडि परेका सबै वर्ग समूहलाई सिपमुलक, आयमुलक कार्यक्रम तर्फ उन्मुख गराईनेछ,
- बगनासकाली गाउँपालिकालाई छुवाछुत मुक्त गाउँपालिका बनाउन प्रयास गरिनेछ,
- यस क्षेत्रमा रहेका स्वास्थ्य चौकीहरू, सामुदायिक स्वास्थ्य क्लिनिक, भौतिक निर्माण तथा गुणात्मक सेवाको विकास र विस्तारमा आवश्यक सहयोग पुर्‍याइनेछ,
- सुरक्षित मातृत्व, एम्बुलेन्स सेवा, स्वास्थ्य स्वयसेविका प्रोत्साहन, २४ घण्टे प्रसुति सेवा, बालवालिकाको पोषण सुधार र स्वास्थ्य शिविर जस्ता स्वास्थ्य कार्यक्रमलाई विशेष महत्व दिइनेछ,
- गाउँपालिका क्षेत्रभित्रका पानीका श्रोत तथा मुहानहरूको संरक्षण गरी आम जनतालाई स्वच्छ पिउने पानी सरल र सुलभ तरीकाले उपलब्ध गराईनेछ,
- **''राष्ट्रका लागि खेल, जीवनका लागि खेल''** भन्ने राष्ट्रिय नीतिलाई अबलम्बन गर्दै गाउँपालिकास्तरीय र वडास्तरीय खेलकुद मैदान व्यवस्थित गर्न पहल गरिनेछ,
- लागु औषध दुर्व्यसनी, धुम्रपान, मद्यपान तथा सुर्तीजन्य पदार्थको सेवन जस्ता सामाजिक विकृतिहरू हटाउन विभिन्न कार्यक्रम संचालन गरिनेछ,
- बगनासकाली गाउँपालिकालाई छुवाछुत एंव भेदभाव मुक्त गाउँपालिका बनाउन आवश्यक कार्यक्रम ल्याई कार्यान्वयन गरिनेछ,
- विवाह, ब्रतबन्ध, चार्डपर्व, मृत्यु संस्कार आदि सामाजिक कार्यहरूमा हुने भड्कीलो खर्चलाई निरूत्साहित गर्न आवश्यक पहल गरिनेछ,
- सामाजिक बिकृति बढाउने जाड्रक्सी सेवन गरी हो-हल्ला गर्ने, अनाधिकृत रूपमा बिक्री वितरण, जुवातासलाई पुर्ण रूपमा निरूत्साहित गर्न पहल गरिनेछ,

**ग. पूर्वाधार विकास नीति :**

- गाउँपालिकाका नौं वटै वडाहरूमा (चिर्तुङ्गधारा, पोखराथोक, नायरनमतलेस, खानीछाप, दर्लमडाँडा, यम्घा, खानीगाऊ, चापपानी, बराङ्दी) समेटेर सहज आवागनम गर्नका लागि बाह्रै महिना सवारी साधन चल्ने सडक बनाउने नीति लिइनेछ,
- गाउँपालिकाको प्रशासनिक भवन निर्माणका लागि म्याचिङ्ग फण्डमा रकम विनियोजन गरी संघीय सरकार, प्रदेश सरकारसंगको साझेदारीमा निर्माण कार्य अगाडि बढाउन पहल गरिनेछ,
- तानसेन नगरपालिका लगायत अन्य गाउँपालिकासँग समन्वय, सहकार्य र साझेदारी गर्दै राम्दी घाटमा एक स्तरीय जन्म देखि मृत्यु संस्कार सम्मका लागि व्यवस्थित स्थल निर्माण गरिनेछ,
- गाउँपालिकाले निर्माण गर्ने सडकहरूको वर्गिकरण गरी कालोपत्रे सडक, ग्राभेल र कच्ची सडकहरूको बर्गीकरण गरी उक्त सडकहरूमा पर्ने जग्गाको लगत कट्टा गर्न मालपोत तथा नापी कार्यालयसंग समन्वय गरिनेछ,
- सडक योजनाहरू सर्भे, डिजाइन तथा इष्टिमेट पछि मात्र कार्यान्वयन गरिने नीति लागू गरिनेछ,
- गाउँपालिका क्षेत्रभित्र उपयुक्त स्थानमा चिल्ड्रेन पार्क, जेष्ठ नागरिक पार्क, सौर्य बत्ति जडान जस्ता पूर्वाधार निर्माणमा विशेष जोड दिइनेछ,
- भू-उपयोग योजना (***Land Pooling***) कार्यक्रम, वैज्ञानिक गाउँ विकास (***Town Planning***) आवधिक वार्षिक योजना, राष्ट्रिय भवन निर्माण आधार संहिता, सडक मापदण्ड निर्धारण जस्ता कार्यक्रम तयार गरी लागू गर्न प्राथमिकता दिइनेछ,
- सडक निर्माण गर्दा वातावरण संरक्षण सहितको दीगो विकासको नीति अवलम्बन गरिनेछ,

**घ. बातावरण तथा विपद् व्यवस्थापन नीति :**

- कोभिड-१९ र यस बाहेकका विपद्हरूको रोकथाम तथा न्युनीकरणको लागि पुर्व तयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम संचालन गर्न स्थानीय विपद् व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्थापन गरिनेछ,
- पुर्वाधार विकासका क्रियाकलाप संचालन गर्दा विपद् जोखिम संवेदनाशिलतालाई केन्द्र बिन्दुमा राखी कार्यान्वयन गर्न सहयोग पुग्ने गरी डिजाईन तथा व्यवस्थापन गरिनेछ,
- वातावरणमैत्री स्थानीय शासन अवलम्वनमा जोड गरिनेछ,
- गाउँपालिकाको मुख्य नीति सुन्दर, शान्त, समृद्ध, सभ्य बगनासकाली गाउँपालिकाको सार, आर्थिक, सामाजिक, पर्यटन र पूर्वाधार विकासको दीगो आधारलाई मुर्तरूप दिइनेछ,
- गाउँपालिकालाई पूर्ण सरसफाई तर्फ अगाडि बढाउने खालका कार्यक्रमहरू ल्याइनेछ,
- फोहरमैलालाई घर घरमा वर्गीकरण गरी आफै ब्यवस्थापन गर्न उत्प्रेरित गर्ने कार्यलाई अभियानका रूपमा लिइनेछ,
- स्थानीय स्तरमा स्थानीय विपद् व्यवस्थापन तथा जोखिम न्युनिकरण समितिलाई प्रभावकारी रूपमा परिचालन गरिनेछ,
- भू-क्षय, बाढी, पहिरो, आगलागी/डढेलो नियन्त्रणका लागि विभिन्न संघ संस्थाहरूको समन्वयमा कार्यक्रम संचालन गर्न विशेष पहल गरिनेछ,
- गाँउपालिका क्षेत्र भित्र उत्पादन हुने जैविक र अजैविक फोहोरहरूको वैज्ञानिक व्यवस्थापन गर्न पहल गरिनेछ,

**ङ. संस्थागत विकास, सेवा प्रवाह र सुशासन नीति :**

- कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा वा एकाईको सेवा प्रवाहलाई सम्भव भएसम्म सूचना प्रविधि मैत्री बनाउन बिषेश ध्यान दिईनेछ,
- कार्यालय ब्यवस्थापन, सार्वजनिक सेवा प्रवाहमा प्रभावकारीता ल्याइनेछ,
- प्रशासनिक खर्चलाई सीमा भित्र राख्न आन्तरिक राजश्व वृद्धि एवं प्रशासनिक खर्च मितब्ययी बनाउन अधिकन्तम प्रयास गरिनेछ,
- स्थानीय शान्ति सुरक्षा कायम गर्न एवं सामाजिक विकृति विसंगती विरूद्धका गतिविधिहरू रोक्न प्रहरी कार्यालयहरूसँग समन्वय गरिनेछ,
- न्यायिक सेवा प्रवाहका लागि उचित कार्यकक्षको व्यवस्था गरिनेछ,
- गाउँपालिकाको आम्दानी र खर्च त्रैमासिक रूपमा सार्वजनिकीकरण गरिनेछ,

- सुशासन अभिवृद्धिका लागि सार्वजनिक सुनुवाई, नागरिक वडापत्र, नोडेल अफिसर, सूचना अधिकारी जस्ता विषयलाई उचित चासो दिइनेछ,
- विकास निर्माण र जनसेवालाई प्रभावकारी बनाउन गाँउपालिका कार्यालय र वडा कार्यालयलाई साधन र स्रोत सम्पन्न गराउन विशेष पहल गरिनेछ।
- गाँउपालिकालाई ***Free Wifi Zone*** निरन्तरता दिइनेछ,
- प्रत्येक वडा कार्यालयहरू, विद्यालयहरू तथा स्वास्थ्य सस्थाहरूलाई गाँउपालिकासंग इन्टरनेट ***Networking*** गरि समन्वय तथा निगरानी गरिनेछ,
- गाउँपालिकामा रिक्त रहेका पदहरूमा पूर्ति गर्दै लगिनेछ,
- नागरिकले पाउनु पर्ने हरेक सूचना सरल र सहज रूपमा सुचना अधिकारी मार्फत उपलव्ध गराइनेछ,
- कर्मचारीहरूलाई उत्प्रेरित गरि सिमित जनशक्तिबाट अधिकतम उपलब्धी हाँसिल गर्न उचित सम्मान, पुरस्कार र दण्डको नीति अवलम्चन गरिनेछ,
- सेवाप्रवाहको लागि आवश्यक पर्ने न्युनतम प्रशासनिक खर्चको लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरू कटौती गर्ने नीति अवलम्बन गरिनेछ,
- कोभिड-१९ को कारण उत्पन्न असहज परिस्थितीको सामना गर्न तत्कालीन आवश्यकता पहिचान गरी प्राथमिकतामा परेका क्रियाकलापहरू कार्यान्वयन गर्न निजी क्षेत्र, स्थानीय तहका कार्यरत गैर सरकारी संस्था, सहकारी संस्था तथा स्थानीय सामुदायिक संस्थाहरूलाई परि-पुरक भुमिकामा परिचालन गर्ने नीति अवलम्बन गरिनेछ,
- गाउँपालिका कार्यालयको २४ घण्टा सुरक्षा प्रणालीलाई व्यवस्थित गर्न २ जना सुरक्षागार्डको प्रबर्द्धन मिलाईनेछ,

**५. बिषयगत नीति** :

गाउँपालिकाले आर्थिक वर्ष ०७७/७८ मा देहाय वमोजिमका बिषयगत नीतिहरू अवलम्बन गरिनेछ :-

**(क) राजश्व तर्फ** :

- सिमित स्रोत र साधनको उच्चतम सदुपयोगका निम्ति परिचालन गरिनेछ,
- राजश्व तर्फ चालु आ.व. मा बगनासकाली गाउपालिकाबाट लिइदै आएको विभिन्न शीर्षक अनुसारको दस्तुरमा राजश्व परामर्श समितिको सिफारिसमा यस सम्मानित गाउँसभाबाट यस आ.व.का लागि पारित गरिने सबै कर, महशुल, दस्तुर, शूल्क, रोयल्टी, जरिवाना र मापदण्डहरूको कार्यान्वयन गरिनेछ,
- राजश्वका दरहरू जनमैत्री तथा दायराहरू फराकिलो बनाउदै लगिने नीति अबलंम्वन गरिनेछ,

**(ख) कृषि तर्फ :**

- निर्वाहमुखी कृषि प्रणालीलाई ब्यवसायिक र प्रतिस्प्रर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गरी जीवनस्तरमा क्रमिक सुधार ल्याइनेछ,
- उर्वर कृषि भूमिलाई गैर कृषि कार्यको लागि प्रयोगमा ल्याउने कार्यलाई निरूत्साहित गरिनेछ। खेतीयोग्य बाझो जग्गाको अभिलेखिकरणलाई व्यवस्थित गरी उपयोग गरिनेछ,
- राजमार्ग एवं सहायक राजमार्गको छेउछाउमा कफी, अलैची, उखु जस्ता नगदे बाली उत्पादन पकेट क्षेत्र निर्माण गरिनेछ।
- कृषि उपज संकलन केन्द्रको संचालन प्रशोधन, संचय र ढुवानी गर्ने कार्यलाई कृषि सहकारी मार्फत संचालन हुने गरी विशेष अनुदानको ब्यवस्था गरिनेछ,
- युवा लक्षित कृषि कार्यक्रम संचालन गरी युवालाई कृषिमा आकर्षक हुने खालको कार्यक्रम ल्याईनेछ,
- हानिकारक किटनाशक औषधिको अत्यधिक प्रयोग गरी कृषि उत्पादन गर्ने वर्तमान प्रवृतिलाई निरूत्साहित गरी समूहमा अर्गानिक खेतीगर्ने किसान समूह, सहकारीलाई जैविक मल बनाउने तालिम र वीऊमा अनुदान एवं अर्गानिक उत्पादनको पहिचान सहित बजारीकरणमा सहयोग गरिनेछ,
- ब्यवसायिक रूपले कृषि ब्यवसाय गर्ने कृषक, कृषक समूह, कृषि सहकारीलाई विशेष अनुदानको ब्यवस्था गरिनेछ,
- स्थानीय स्तरमा निम्न आयश्रोत भएका महिला, दलित, एकल महिला, सिमान्तकृत वर्ग तथा विपन्न वर्गलाई विउ, मल आदिमा अनुदानको कार्यक्रम निरन्तरता दिईनेछ,
- तरकारी, फलफुल नर्सरी र नमुना फार्म स्थापनाका लागि अनुदान सहयोगको व्यवस्था मिलाईनेछ,

- गाउँपालिकाको भौगोलिक बनौटलाई दृष्टिगत गरी बेमौषमी तरकारी खेती, रैथानेबाली संरक्षण र प्रर्बद्धनका लागि कृषकलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याइनेछ,
- कृषि उत्पादन बढाउन एवं संरक्षण गर्न **बाली बिमा** कार्यक्रम ल्याइनेछ । बाँदर, दुम्सी लगायतका वन्यजन्तुहरूबाट बालीनाली क्षति गर्न नदिन विशेष पहल गरिनेछ,
- नयाँ प्रबिधिमा आधारित कृषि कार्यक्रमहरू र कृषि यान्त्रिकरणमा विगत देखि दिईएको अनुदानलाई क्रमश बढाउदै लगिनेछ,

**(ग) पशुपालन तर्फ :**

- पशुपालन व्यवसायलाई आधुनिक र व्यवसायिकरण तर्फ उन्मुख गराईनेछ,
- मासु , अण्डा र दुधमा आत्मनिर्भर हुने खालका कार्यक्रम ल्याइनेछ,
- पशुजन्य पदार्थमा गुणस्तर नियमन गरी स्वस्थ्य पशुजन्य उत्पादनको उपभोग गर्न पाउने अधिकार सुनिश्चित गरिनेछ,
- पशुपंक्षी बिमा कार्यक्रमलाई कार्यान्वयनमा ल्याइनेछ,
- कृत्रिम गर्भाधान सेवालाई व्यवस्थित र सहज बनाइनेछ,
- पशुमा उन्नत नश्ल सुधार गरी उत्पादनमा वृद्धि गरिनेछ,
- घाँसमा आधारित पशुपालन गरी उत्पादन लागत घटाइनेछ,
- पशुपालन व्यवसायलाई स्वरोजगारमुखी बनाई युवा स्वरोजगार मार्फत वैदेशिक रोजगारमा जाने क्रमलाई न्यूनीकरण गर्न पहल गरिनेछ,
- पशुजन्य उत्पादनलाई बजारीकरण र विविधिकरण गरिनेछ,
- गुणस्तरीय तथा स्वस्थकर पशुजन्य उत्पादनको वेचबिखनलाई बजारीकरण र नियमन गरिनेछ,
- पशु रोगहरूको पहिचान गरी रोग लाग्नबाट बचाउन पशु स्वास्थ्य सेवा कृषक समक्ष पुऱ्याइनेछ,
- एक गाउं एक प्राविधिक राष्ट्रिय कार्यक्रमलाई निरन्तरता दिई प्रभावकारी बनाइनेछ,

**(घ) शिक्षा तर्फ** :

- कोभिड – १९ का कारण विद्यालय बन्द रहेको अवस्थामा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम बैकल्पिक विधिहरूको प्रयोग गरी पठनपाठन सुचारू गर्न आवश्यक व्यवस्था मिलाईनेछ,
- गाँउपालिका भित्रका सबै बालबालिकाहरू विद्यालय भर्ना गर्ने र कुनै पनि बालबालिका विद्यालय बाहिर नरहने नीतिलाई अवलम्बन गरिनेछ,
- विद्यालय भर्ना नभएका प्राथमिक उमेर समूहका सम्पूर्ण बालबालिकालाई विद्यालय भर्ना गराउन वडा सदस्यहरू मार्फत प्रोत्साहित गरिनेछ,
- शिक्षकहरूको शिक्षण सिकाइ क्षमता अभिवृद्धि गर्नका लागि विषयगत तथा सूचना प्रविधि तालिम दिइदै लगिनेछ,
- शैक्षिक गुणस्तर सुधार गर्न शैक्षिक सामाग्री, भौतिक सामाग्री, विज्ञान र कम्प्युटर प्रयोगशाला जस्ता विषयमा सहयोग पुऱ्याइनेछ,
- बगनासकाली गाउँपालिकाको स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक तयार गरी विद्यालयहरूमा लागु गरिनेछ,
- शिक्षकहरूलाई पाठ्यपुस्तक, पाठ्यक्रम लगायत नविनतम ज्ञानको पुर्नताजगीका लागि प्रतियोगात्मक कार्यक्रमहरू संचालन गरिनेछ,
- संस्थागत तथा सामुदायिक विद्यालयहरूको पठन-पाठनलाई एकरूपता ल्याउन तथा गुणस्तर वृद्धि गर्न सबै विद्यालयहरूलाई सहकार्य गर्न जोड दिइनेछ,
- बालविकास केन्द्र र विद्यालयस्तरमा गुणस्तरीय शिक्षा प्रदान गर्न वालमैत्री पूर्वाधार तथा भौतिक निर्माणमा जोड दिइनेछ,
- गुणस्तरीय शिक्षा र मितव्ययिताका लागि विद्यालय मर्जको ब्यवस्थालाई अवलम्बन गरिनेछ,
- गाउँपालिका भित्र संचालनमा रहेका संस्थागत तथा सामुदायिक विद्यालयहरूको पठन-पाठनलाई एकरूपता ल्याउन पाठ्यक्रम तथा पाठ्यपुस्तकको एकरूपता गर्ने नीति अवलम्बन गरिनेछ,
- प्राविधिक शिक्षा संचालन भएका विद्यालयहरूलाई भौतिक पुर्वाधार निर्माणमा विशेष जोड् दिईनेछ,

**(ङ) स्वास्थ्य तर्फ** :

- कोभिड-१९ को रोकथाम, नियन्त्रण  र उपचारका लागि विशेष कार्यक्रमहरू संञ्चालन गरिने छ,
- कोभिड-१९ कोराना भाइरस रोकथाम, नियन्त्रण र उपचारका लागि तानसेन नगरपालिका लगायत अन्य गाउँपालिकासँग समेत साझेदारी र सहकार्य गर्दै जनताको स्वास्थ्य तथा जीवन रक्षाको लागि समुचित कदम चालिने छ,
- विदेशबाट आउने नागरिकहरूलाई क्वारेन्टाईनमा राखी अवधि पुगेपछि कोभिड-१९ को परीक्षण गरी घर पठाईनेछ,
- कोभिड-१९ कोराना भाईरस संक्रमित बिरामीहरूलाई आइसोलेशन राखी उपचार गरिनेछ,
- स्वास्थ्य संस्था भन्दा टाढा रहेका स्थानमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरी स्वास्थ्य सेवा संचालन गर्न पहल गरिनेछ,
- बालमृत्युदर र मातृमृत्युदर घटाउन शुन्य होमडेलीभरी घोषणालाई सुनिश्चित गर्न सुरक्षित मातृत्व कार्यक्रम अवलम्वन गरिनेछ,
- बगनासकाली गाउँपालिकाका स्वास्थ्य संस्थाहरूमा क्रमश बर्थिङ्ग सेन्टर स्थापना गरिनेछ,
- शुद्ध खानेपानीको ब्यवस्थापन गरी पानीजन्य रोगलाई न्यूनीकरण गरिनेछ,
- गाउँपालिका भित्रका किशोर किशोरीहरूको स्वास्थ्य सचेतना अभिवृद्धि गर्न कार्यक्रम संचालन गरिनेछ,
- स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी तथा महिला स्वा. स्वयम सेविकाहरूको कार्यसम्पादन मूल्यांकन गरी उत्कृष्ट कर्मचारी/म.स्वा.से. लाई पुरस्कृत गरिनेछ,
- दिर्घरोग लाग्न बाट बचाउन नियन्त्रमुखी कार्यक्रम ल्याइनेछ। दिर्घरोग लागि सकेका जनतालाई आवश्यकता र औचित्यताका आधारमा नि:शुल्क औषधि उपलब्ध गराउने नीति लिइनेछ,
- गाउँपालिकाका अशक्त, असहाय, अति विपन्न नागरिकहरूका लागि घरदैलोमा स्वास्थ्य सेवा उपलव्ध गरिनेछ,
- गाउँपालिका भित्र सबै विद्यालयहरूमा विद्यालय स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ,
- गाउँपालिका भित्र स्वस्थ जीवनशैलीको अभ्यासका लागि योग शिविर, स्वास्थ्य शिविर, प्राकृतिक चिकित्सा पद्धतिको अवलम्वन गरिनेछ,
- स्थानीय तह बाटै सबै स्वास्थ्य सेवा उपलब्ध गराउन सबै सेवा थप गर्ने प्रयास गरिनेछ,
- बगनासकाली गाउँपालिकामा आयुर्वेद सेवाको पहुंचलाई बिस्तार गरिनेछ,

**(च) पर्यटन तर्फ** :

- यस क्षेत्रका सम्भावित पर्यटकीय क्षेत्रहरूको पहिचान गरी व्यवस्थित गर्न पहल गरिनेछ,
- गाउँपालिका भित्र रहेका महत्वपुर्ण धार्मिक पर्यटकीय क्षेत्रहरूको संरक्षण एंव प्रवर्धन गरिनेछ,

**(छ) युवा तथा खेलकुद तर्फ** :

- गाउँपालिकाका युवा जनशक्तिहरू साथ-साथै विदेशबाट फर्किएका युवाहरूलाई स्वदेशमै बसी कृषि, पशुपालन जस्ता व्यवसायमा आकर्षित गर्ने तर्फ उन्मुख गर्न पहल गरिनेछ,
- वैदेशिक पलायन रोक्न स्वदेशमै स्वरोजगार हुन चाहने युवा जनशक्तिलाई युवा लक्षित विशेष कार्यक्रम ल्याइनेछ,
- सामाजिक विकृतिमा फसेका युवा/युवतीहरूलाई त्यस्ता गतिविधिबाट टाढा राख्न सचेतना मुलक कार्यक्रम ल्याईनेछ,
- स्वास्थ्यका लागि खेलकुद आवश्यक भएकोले पालिका स्तरीय खेलकुद कार्यक्रम आयोजना गरिनेछ,

**(ज) गरिवी निवारण तर्फ** :

- यस गाउँपालिकाका विपन्न घरपरिवारहरूको अभिलेख व्यवस्थापन गरी उनीहरूलाई गरिब घरपरिवार परिचय पत्र वितरण गरिनेछ। सोको आधारमा प्रत्यक्ष लाभान्वित हुनेखालका कार्यक्रमहरू तय गरिनेछ,
- गरिव घरपारिवारहरूका लागि आर्थिक, सामाजिक विकासको लागि स्वरोजगारमूलक, सीपमूलक तालिमहरू संचालन गरिनेछ,

**(झ) सहकारी तर्फ :**

- गाउँपालिका क्षेत्रभित्रका सहकारीहरूको सञ्जाललाई सबल र सक्षम बनाइनेछ,
- कृषि र पशु सेवा तर्फका कार्यक्रमहरूलाई सहकारी मार्फत परिचालन गर्न पहल गरिनेछ,

- छरिएर रहेका सहकारी संस्थाहरूलाई एकिकरणका लागि पहल गरिनेछ,

**(ञ) सुचना तथा सञ्चार तर्फ :**

- सुचना तथा सञ्चारमा गुणस्तरीयता, व्यवसायिकता र स्वच्छ अभ्यासलाई प्रोत्साहित गर्ने नीति अबलम्बन गरिनेछ,
- सुचना तथा प्रबिधिको उपयोगलाई सहज र सरल बनाउने नीति लिइनेछ,
- सुचनाको पहुँचलाई प्रभावकारी बनाउन ग्रुप SMS प्रबिधि प्रयोग गरिनेछ,
- गाउँपालिकाको मोबाईल एप्सका माध्यमबाट सरल र सहज रूपमा सेवा, सुचना, जानकारी लिन सक्ने र आफ्ना गुनासा प्रकट गर्न सक्ने व्यवस्था गरिनेछ,
- सेवा प्रवाहमा सूचना तथा संचार प्रविधिको अधिकत्तम प्रयोग गरी सुशासनको प्रत्याभुती दिलाइनेछ,

**(ट) लक्षित वर्ग तर्फ :**

**(अ) महिला तर्फ :**

- महिलाहरूको क्षमता अभिवृद्धिको लागि आय मुलक, सिप मुलक र रोजगार मुलक विभिन्न कार्यक्रम संचालन गरिनेछ,
- एकल महिला/महिलाहरूको लागि आयमूलक कार्यक्रमका लागि विशेष अनुदानको व्यवस्था गरिनेछ,
- महिला हिंसा, घरेलु हिंसा, चेलीवेटी वेचविखन जस्ता जघन्य अपराध विरूद्ध विविध कार्यक्रम ल्याइनेछ,
- महिला अधिकार सम्बन्धी जानकारीमूलक कार्यक्रम संचालन गरिनेछ,

**(आ) बालवालिका तर्फ :**

- यस आ.ब. भित्र बालमैत्रीका सबै खुड्किला तथा सुचकहरू पुरा गरी बगनासकाली गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गरिनेछ,
- बालवालिकाहरूको विकासका गतिविधिहरू संचालन गर्न गाउँपालिकामा गाउँपालिकास्तरीय र प्रत्येक वडामा वडास्तरीय वाल सञ्जालहरू, समुदाय, विद्यालयहरूमा गठित बाल क्लबलाई सक्रिय बनाइनेछ,
- विद्यालय भर्ना हुन र अध्ययन गर्न नसक्ने गरिब, विपन्न र अपाङ्गता भएका बालवालिकाहरूलाई गाउँपालिकाबाट विशेष छात्रवृत्ति र सहयोग उपलव्ध गराइनेछ,
- बालविवाह न्युनीकरणका लागि सरोकारवाला निकायसँग साझेदारी गरी कार्यक्रम संचालन गरिनेछ।
- बगनासकाली गाउँपालिकालाई वालश्रम मुक्त गाउँपालिका बनाईनेछ,
- अभिभावक विहिन बालबालिकाको उचित स्याहार सम्भारको व्यवस्थापन गरिनेछ,
- बाल राहत उद्धार तथा पुर्नस्थापना कोष संचालन गरिनेछ,
- विद्यालयहरूमा बालमैत्री वातावरण, व्यवहार निरन्तरता दिईनेछ,

**(इ) दलित तर्फ :**

- दलित वर्गको समग्र आर्थिक सामाजिक उन्नतीको लागि परम्परागत ज्ञान र सीपलाई व्यवसायिक बनाउन विशेष कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ,
- दलित वर्गको उत्थानका लागि मागमा आधारित कार्यक्रम संचालन गरिनेछ,

**(ई) आदिबासी/जनजाति तर्फ :**

- आदिवासी तथा जनजाती वर्गको समग्र आर्थिक सामाजिक विकासका लागि सीपमूलक तालिम र सशक्तिकरणका कार्यक्रमहरू संचालन गर्न पहल गरिनेछ,
- आदिबासी/जनजाती वर्गको उत्थानका लागि मागमा आधारित कार्यक्रम संचालन गरिनेछ,

**(उ) जेष्ठ नागरिक तर्फ :**

- जेष्ठनागरिकहरूका लागि आफ्नो समान आत्मसम्मान हुने गरी सम्मान गरिनेछ,
- अनुभवका खानीका रूपमा रहेका जेष्ठनागरिकहरूको वौद्धिक ज्ञान उपयोग गर्ने विशेष कार्यक्रम ल्याइने छ,
- जेष्ठ नागरिकहरूको उचित स्याहार-सुसार तथा आदर गर्ने परिवार/संरक्षकलाई विशेष पुरस्कार र सम्मान गर्ने कार्यक्रम ल्याइनेछ,

**(ऊ) अपाङ्ग तर्फ :**

- अपाङ्ग वर्गको वर्गिकृत तथ्याङ्क संकलन गरी अध्यावधिक गरिनेछ,
- गाउँपालिका क्षेत्रभित्रका अपाङ्गहरूलाई आवश्यकता अनुसार ह्लिलचियर, सेतोछडी जस्ता सामाग्री वितरण गरी जीवन सहज गराउन पहल गरिनेछ,
- पूर्णरूपमा अपाङ्ग भएका व्यक्तिहरूका लागि नि:शुल्क स्वास्थ्य विमा गर्ने नीतिलाई प्राथमिकता दिइदै लगिनेछ,

**सभाध्यक्ष महोदय,**

**अब म चालु आ.ब. ०७६/०७७ को जेष्ठ मसान्त सम्मको यर्थात संक्षिप्त बजेट खर्च विवरण उल्लेख गर्न चाहन्छु ।**

| क्र. स. | आ.ब. ०७६/७७ को जेष्ठ मसान्त सम्मको | जम्मा रू. |
|---|---|---|
| १ | कुल प्राप्त बजेट | ४२ करोड ४४ लाख ८८ हजार ६२ |
| २ | चालु खर्च तर्फ | २१ करोड ५९ लाख १० हजार ३ सय ७० (७५.६४) |
| ३ | पुँजीगत खर्च तर्फ | ५ करोड ५५ लाख ४२ हजार ८४ (३९.९५) |
| | **जम्मा खर्च :** | **२७ करोड १४ लाख ५२ हजार ४ सय ५४** |
| | **कुल खर्च** | **६३.९५ प्रतिशत** |

**सभा अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, सभाका सदस्य ज्यूहरू, अब म आर्थिक वर्ष ०७७/०७८ का लागि संक्षिप्त आय अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु।**

**बजेटको संक्षिप्त विवरण**

**आ.ब ०७७/०७८ बगनासकाली गाउँपालिकाको आय, व्यय विवरण**

| **क्र. स** | **आ.ब ०७७/०७८ आयतर्फ** | **रकम** | **क्र. स** | **आ.ब ०७७/०७८ व्यय तर्फ** | **रकम** |
|---|---|---|---|---|---|
| १ | समानीकरण अनुदान (संघीय सरकार) | ९ करोड ३८ लाख | १ | गा.पा. चालु तर्फ | ६ करोड ८८ लाख ८८ हजार २ सय ७४ |
| २ | शर्शर्त अनुदान ( संघीय सरकार) | २१ करोड ०३ लाख | २ | गा.पा. पुँजीगत तर्फ | ६ करोड ७९ लाख २८ हजार |
| ३ | राजस्व बाडफाँड ( संघीय सरकार) | ६ करोड ४६ लाख २४ हजार २ सय ७४ | ३ | वडा तर्फ कुल बजेट | ५ करोड ५ लाख |
| ४ | विशेष अनुदान | १ करोड ७० लाख | ४ | शर्शर्त अनुदान ( संघीय सरकार) | २१ करोड ०३ लाख |
| | **जम्मा** | **३८ करोड ५७ लाख २४ हजार २ सय ७४** | ५ | विशेष अनुदान ( संघीय सरकार) | १ करोड ७० लाख |
| | **प्रदेश सरकार तर्फ :** | | ६ | शर्शर्त अनुदान ( प्रदेश सरकार ) | १करोड ४८ लाख ५० हजार |
| १ | समानीकरण अनुदान | ५० लाख २८ हजार | ७ | विशेष अनुदान ( प्रदेश सरकार ) | ६० लाख |
| २ | शर्शर्त अनुदान | १करोड ४८ लाख ५० हजार | ८ | सम्पुरक अनुदान ( प्रदेश सरकार ) | १ करोड ५० लाख |
| ३ | राजस्व बाँडफाड | ४२ लाख ६४ हजार | | | |
| ४ | सम्पुरक अनुदान | १ करोड ५० लाख | | | |
| ५ | विशेष अनुदान | ६० लाख | | | |
| | **जम्मा :** | **४ करोड ५१ लाख ४२ हजार** | | | |
| | आन्तरिक श्रोत तर्फ : | | | | |
| १ | कर तथा गैरकर | ४६ लाख | | | |
| २ | विद्युत रोयल्टी | -- | | | |
| ३ | गत वर्षको मौज्दात | १ करोड ५० लाख | | | |
| | **जम्मा :** | **१ करोड ९६ लाख** | | | |
| | **कुल जम्मा बजेट :** | **४५ करोड ४ लाख ६६ हजार २ सय ७४** | | **कुल जम्मा व्यय** | **४५ करोड ४ लाख ६६ हजार २ सय ७४** |

**उपरोक्त बमोजिम विनियोजन गरिएको बजेटमा चालु खर्च तर्फ रू. २७ करोड ९१ लाख ८८ हजार २ सय ७४ ( ६१.३५ प्रतिशत) र पुँजीगत खर्च तर्फ रू. १७ करोड १२ लाख ७८ हजार (३८.०२) विनियोजन गरिएको छ।**

कुल पुँजीगत रकमलाई देहाय बमोजिम विषयगत क्षेत्रहरू समेटिने गरी वडा स्तर र गाउँपालिका स्तरको योजना तथा कार्यक्रम समायोजन गरी देहाय बमोजिम विषय क्षेत्रगत रूपमा बजेट विनियोजनको प्रस्ताब गरिएको छ।

| **क्र.स.** | **विषय क्षेत्रगत** | **प्रस्तावित विनियोजन रकम** |
|---|---|---|
| १ | आर्थिक विकास तर्फ : | रू. १करोड १४ लाख |
| २ | सामाजिक विकास तर्फ | रू. ३ करोड १६ लाख ३० हजार |
| ३ | पूर्वाधार विकास तर्फ | रू. ६ करोड ३६ लाख ७८ हजार |
| ४ | संस्थागत विकास तथा सेवा प्रवाह र सुशासन तर्फ | रू. ७० लाख २० हजार |
| ५ | वातावरण तथा विपद् व्यवस्थापन तर्फ | रू. १ करोड २ लाख |
| ६ | सम्पुरक कोष तर्फ | रू. २ करोड ६५ लाख |
| ७ | शशर्त अनुदान (प्रदेश सरकार ) | रू. १ करोड ४८ लाख ५० हजार |
| ८ | विशेष अनुदान (प्रदेश सरकार ) | रू. ६० लाख |
| | **कुल जम्मा** | **रू. १७ करोड १२ लाख ७८ हजार** |

**कुल चालु रकमलाई देहाय बमोजिमका खर्च शिषकका रूपमा विनियोजन प्रस्ताब गरिएको छ।**

| **क्र.स.** | **खर्च शिषक** | **विनियोजित रू.** |
|---|---|---|
| १ | शशर्त अनुदान (संघीय सरकार) | २१ करोड ३ लाख |
| २ | कार्यालय संञ्चालन तथा प्रशासन | ६ करोड ८८ लाख ८८ हजार २ सय ७४ |
| | **कुल जम्मा** | **२७ करोड ९१ लाख ८८ हजार २ सय ७४** |

संघीय सरकार र प्रदेश सरकारबाट थप अक्तियारी स्वरूप प्राप्त हुने बजेट रकमलाई बजेटमा समावेश गर्दै लगिनेछ।

माथि उल्लेखित नीति तथा कार्यक्रमहरूलाई आर्थिक वर्ष ०७७/०७८ मा सम्बोधन गर्न प्राप्त स्रोत र साधनलाई अधिकन्तम सदुपयोग गर्ने गरी बजेट विनियोजन गरिएको बजेटको संक्षिप्त झलक प्रस्तुत गर्न चाहन्छु। साथै बजेट विनियोजनको विस्तृत विवरण विनियोजन विधेयक, २०७७ गाउँसभामा पेश गरिने व्यहोरा जानकारी गराउन चाहन्छु।

बगनासकाली गाउँपालिकाका ९ वटै वडाबाट बस्तीस्तरका योजना छनौट गरी प्राथमिकका आधारमा योजना तथा कार्यक्रम छनोट तथा रकम विनियोजनको प्रस्ताब गर्न वडा समितिलाई नै अधिकार प्रत्यायोजन गरी देहाय बमोजिमका वडाहरूमा देहाय बमोजिम बजेट सिलिङ्ग अनुसार प्राप्त भएका योजना तथा कार्यक्रम गाउँकार्यपालिकाको बैठकद्धारा पारित गरी गरिमामय सभा समक्ष प्रस्ताव गरिएको छ।

| क्र.स | वडा नं | जम्मा रू. |
|---|---|---|
| १ | बगनासकाली वडा नं. १ | ६५ लाख |
| २ | बगनासकाली वडा नं. २ | ५६ लाख |
| ३ | बगनासकाली वडा नं. ३ | ५६ लाख |
| ४ | बगनासकाली वडा नं. ४ | ५६ लाख |
| ५ | बगनासकाली वडा नं. ५ | ५६ लाख |
| ६ | बगनासकाली वडा नं. ६ | ६५ लाख |
| ७ | बगनासकाली वडा नं. ७ | ५६ लाख |
| ८ | बगनासकाली वडा नं. ८ | ३९ लाख |
| ९ | बगनासकाली वडा नं. ९ | ५६ लाख |
| | **जम्मा** | ५ करोड ५ लाख |

गाउँपालिका स्तरीय योजना तथा कार्यक्रममा सम्पुरक कोष सहित जम्मा **रू. ९ करोड ९९ लाख २८ हजार बजेट** रकम बराबरको योजना तथा कार्यक्रम प्रस्ताव गरिएको छ।

**यस आ.ब.मा बजेट विनियोजनको लागि प्रस्ताब गरिएका महत्वपूर्ण योजना कार्यक्रम देहाय बमोजिम उल्लेख्य गरिएको छ।**

१) सम्पुरक कोष (प्रदेश/संघ) का लागि रू. २ करोड ६५ लाख विनियोजन प्रस्ताब गरिएको छ। यो रकम मूलत गाउँपालिकाको प्रशासनिक भवन निर्माण र पूर्वाधार निर्माण आयोजनाहरूमा साझेदारी गरिनेछ।

२) यस चालु आ.ब.मा **कोभिड- १९** कोरोना भाइरसको महामारीले विषम परिस्थिती सिर्जना गरिरहेको तथ्यलाई मध्यनजर गर्दै महामारी रोकथाम नियन्त्रण राहत, क्वारेनटाईन व्यवस्थापन, आईशोलेसन व्यवस्थापन, संक्रमित विरामीको उपचार लगायत अन्य विपद् व्यवस्थापनलाई संम्बोधन गर्ने गरी रू. १ करोड विनियोजन प्रस्ताब गरिएको छ।

३) **कोभिड - १९** कोरोना भाइरस संक्रमणको संवेदनशिल अवस्थालाई मध्यनजर गर्दै स्वास्थ्य तर्फ रू. ४५ लाख विनियोजन प्रस्ताब गरिएको छ ।

४) बगनासकाली गाउँपालिकालाई नेपालकै पहिलो बालमैत्री गाउँपालिका बनाउने अभियानलाई आ.ब.०७७/०७८ भित्रै मुर्तरूप दिन गत वर्षको अल्या रकम सहित यस वर्ष कुल रकम रू. ५५ लाख विनियोजन गरी भविष्यका कर्णधार बालबालिकाको लागि लगानीका लागि प्रस्ताव गरिएको छ ।

५) आर्थिक विकासको पाटो कृषि विकास तर्फ समानिकरण बजेटबाट कुल ५८ लाख ५० हजार र पशु विकास तर्फ ३१ लाख ५० हजार विनियोजन प्रस्ताब गरिएको छ । कृषि र पशुमा गरिने लगानीबाट रोजगार सिर्जना भई आत्मनिर्भर तर्फ उन्मुख हुने अपेक्षा गरिएको छ ।

७) समानिकरण तर्फ बजेटबाट शिक्षामा शैक्षिक गतिबिधि संचालनको लागि रू.२० लाख विनियोजन गरिएको छ ।

८) युवाहरूको लागि रोजगारी सिर्जना गर्न बैङ्क मार्फत साझेदारी गरी स्वरोजगारी अभियान संचालन गर्न सहुलियत दरमा ऋण उपलब्ध गराउन युवा स्वरोजगार कोष तर्फ रू. २० लाख विनियोजन गरिएको छ ।

९) खानेपानी लिफ्टिङ्ग अनुदान बिद्युत महशुल अनुदान ४० प्रतिशत उपभोक्ता समितिलाई उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईएको छ । लिफ्टिङ्ग खानेपानी आयोजनाका मोटर बिग्री मर्मत नहुने अवस्था सिर्जना भएमा खरिद गर्न ६० प्रतिशत रकम अनुदान उपलब्ध गराउनको लागि रकम विनियोजन गर्न प्रस्ताव गरिएको छ ।

१०) शिक्षा, स्वास्थ्य, पर्यटन, युवा तथा खेलकुद, गरिबी निवारण, सहकारी, सामाजिक परिचालन, सुचना तथा संचार, बालबालिका, महिला, जेष्ठ नागरिक, आदिवासी जनजाती, अपाङ्ग, सिमान्तकृत बोटे र कुमाल जातीलाई समेत मध्यनजर राखी प्राप्त स्रोत साधनको दायरा भित्र रहेर कार्यक्रम तथा बजेटद्धारा यथोचित सम्बोधन गर्ने प्रयास गरीएको छ ।

११) अभिभावक बिहिन बालबालिकाहरूको स्याहार सम्भार र शिक्षाको निम्ती मासिक रू.१००० का दरले राहत रकम उपलब्ध गराउन बालमैत्री कार्यक्रम अन्तर्गत बजेट विनियोजन गरिएको छ ।

१२) बिगतका अधुरा योजनाहरूलाई पुरा गर्नेगरी प्राथमिकता दिई बजेट विनियोजनको प्रयास गरिएको छ ।

१३) वडाहरूबाट आवश्यकता पहिचान भई आएका बजेट विनियोजन भई प्रस्ताब भई आएका योजना तथा कार्यक्रमहरूलाई प्राथमिकता दिई निर्णाथ सभामा स्विकृतीको लागि प्रस्ताव गरिएको छ ।

१४) पबित्र तिर्थ स्थल राम्दीमा जन्मदेखि मृत्यु संस्कार सम्म उपयोगी हुने स्थायी संरचना निर्माणका लागि तानसेन नगरपालिका लगायत अन्य पालिका समेत साझेदारी हुने राम्दीघाट व्यवस्थापनका लागि रू. १५ लाख विनियोजन गरिएको छ ।

उपरोक्त नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा सभाका सम्पुर्ण सदस्यहरूको रचनात्मक, सल्लाह र सुझावको अपेक्षा गरेको छु । गाउँपालिकामा उपलब्ध स्रोत र साधनले धान्न नसकेका आयोजनाहरूलाई केन्द्र तथा प्रदेशमा पठाइनेछ । गाउँपालिकाको समष्टिगत विकासको लागि गाउँपालिकाबासी सरोकारवाला सबैको चासो र सहभागिता जरूरी छ । तसर्थ सहभागितामूलक योजना छनोट प्रक्रियामा बस्तीस्तर देखि नै सरोकारवालाहरूले छनोट गरी वडा समिति मार्फत प्राथमिककरण गरी आएका योजना तथा कार्यक्रमलाई गाउँकार्यपालिकाले समेत प्राथमिकताको आधार बनाएको छ । आ.व.२०७७/७८ को वार्षिक नीति कार्यक्रम तथा बजेट तयार गर्ने सिलसिलामा महत्वपूर्ण योगदान पुर्‍याउनु हुने वडाअध्यक्षज्यूहरू, योजना तर्जुमा समितिका सदस्यज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, विषयगत समितिका सदस्यज्यूहरू, वडा सदस्यज्यूहरू, लगायत सम्पूर्ण कर्मचारीहरूमा विशेष धन्यवाद ज्ञापन गर्दछु ।

सिमित स्रोत, साधनलाई अधिकतम सदुपयोगका लागि रचनात्मक सुझावका लागि सबैसंग हार्दिकता पुर्वक आग्रह गर्दछु । हामीले प्रस्ताव गरेका नीति, कार्यक्रम र बजेटका संदंभमा विनियोजन विधेयक २०७७ का रूपमा **सातौं सभामा** पेश हुनेछ र घनिभुत रूपमा छलफल, बहस गरी विधेयकलाई पास गरी विनियोजन ऐनको रूपमा सरोकारवाला सबैलाई उपलब्ध गराईनेछ । अन्तमा, नीति, कार्यक्रम तथा बजेट तयार गर्न प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग पुर्‍याउनु हुने सबै आदरणिय महानुभावहरू प्रति हार्दिक आभार प्रकट गर्दछु ।

**जय, बगनासकाली ।**

**सरस्वती चिदी**
**उपाध्यक्ष**
**मिति २०७७/०३/१०**